# पोखरा फाइनान्स लिमिटेड र समृद्धि फाइनान्स कम्पनी लिमिटेड एक आपसमा गाभिए (मर्जर) पश्चात् पोखरा फाइनान्स लिमिटेडको नामबाट मिति २०८३ साल आषाढ २६ गते शुक्रबार देखि एकीकृत कारोबार आरम्भ हुने
# तथा
# सो को लागि मिति २०८३/०३/२५ गते बैकिङ सेवाहरू बन्द रहने बारेको सूचना

नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको राष्ट्रियस्तरको वित्तीय संस्थाको रुपमा इजाजतपत्रप्राप्त गण्डकी प्रदेश कास्की जिल्ला, पोखरा महानगरपालिका, वडा नं. ९, न्युरोडमा रजिष्टर्ड कार्यालय रहेको **"पोखरा फाइनान्स लिमिटेड"** तथा बाग्मती प्रदेश मकवानपुर जिल्ला, हेटौडा उपमहानगरपालिका, वडा नं. १, हेटौडामा रजिष्टर्ड कार्यालय रहेको **"समृद्धि फाइनान्स कम्पनी लिमिटेड"** को मिति २०८२/१०/१४ गते सम्पन्न आ-आफ्नो वार्षिक साधारण सभाबाट "पोखरा फाइनान्स लिमिटेड र समृद्धि फाइनान्स कम्पनी लिमिटेड" एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धमा विशेष प्रस्ताव पारित गरे बमोजिम नेपाल राष्ट्र बैंकको मिति २०८३/०१/२९ गतेको पत्र, कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०२/०७ गतेको पत्र तथा नेपाल धितोपत्र बोर्डको मिति २०८३/०३/०३ गतेको पत्रबाट गाभ्ने/गाभिने (मर्जर) सन्दर्भमा समृद्धि फाइनान्स कम्पनी लिमिटेडको अन्तिम दिनसम्म कायम रहेको ऋण, धन, दायित्व तथा अन्य सम्भावित दायित्वहरु गाभ्ने संस्था पोखरा फाइनान्स लिमिटेडले सम्पूर्ण व्यहोर्ने/सकार्ने गरी गाभ्न/गाभिन (मर्जर) का लागि स्वीकृति प्राप्त भएको जानकारी गराउँदै उल्लेखित दुवै संस्थाहरु एक आपसमा गाभिएर कायम हुने संस्थाको नाम नेपालीमा **"पोखरा फाइनान्स लिमिटेड"** र अंग्रेजीमा "**Pokhara Finance Limited**" हुने गरी नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्थाको रुपमा मिति २०८३/०३/२६ गते शुक्रबार तदनुसार जुलाई १०, २०२६ को दिन देखि एकिकृत कारोबार सञ्चालन गरिने व्यहोरा समस्त ग्राहक वर्ग, शेयरधनी महानुभावहरु, नियामक निकायहरु तथा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

गाभिए (मर्जर) पश्चात् बन्ने **"पोखरा फाइनान्स लिमिटेड"** को केन्द्रिय कार्यालय साविकको समृद्धि फाइनान्स रहेको स्थान काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका, वडा नं. २८, पुतलीसडकमा रहने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराउँदछौं ।

साथै, **मिति २०८३/०३/२६ गते** देखि दुवै संस्थाको एकिकृत कारोवार शुरु गरिने भएको हुँदा डाटा माइग्रेशन (Data Migration) लगायतको प्रयोजनको लागि मिति २०८३/०३/२५ गते एक दिनको लागि दुवै संस्थाहरु (पोखरा फाइनान्स लिमिटेड र समृद्धि फाइनान्स कम्पनी लिमिटेड) ले आफ्ना केन्द्रिय कार्यालय तथा सम्पूर्ण शाखा कार्यालयहरुबाट प्रदान गर्दै आईरहेको बैकिङ्ग सेवाहरु बन्द रहने व्यहोरा समस्त ग्राहकवर्ग, शेयरधनी महानुभावहरु, नियमनकारी निकायहरु तथा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यसबाट ग्राहकवर्गमा पर्न जाने असुविधाको लागि क्षमाप्रार्थी छौं ।


**पोखरा फाइनान्स लिमिटेड**
**POKHARA FINANCE LIMITED**
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त संस्था

**प्रधान कार्यालय : पोखरा-९, न्यूरोड, कास्की**
फोन : ०६१-५४४१३५
इमेल : info@pokharafinance.com.np
वेभसाइट : www.pokharafinance.com.np

**समृद्धि फाइनान्स कम्पनी लिमिटेड**
**Samriddhi Finance Company Limited**
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त संस्था

**प्रधान कार्यालय : हेटौडा- १, मकवानपुर**
फोन : ०५७-५२५१००
इमेल : info@ sfcl.com.np
वेभसाइट : www.sfcl.com.np